राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर


Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ५९ २०८२ असोज १ गते बुधवार (17 Sep. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## भ्रष्टाचारसम्बन्धी आयोग बन्छ : प्रधानमन्त्री कार्की

दैनिक समाचारदाता
काठमाडौं, ३१ भदौ । प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचार छानबिनका लागि छुट्टै आयोग बनाउने जानकारी दिएकी छन् । आन्दोलनको म्याण्डेट नै भएकाले यो आयोग आवश्यक पर्ने उनले उल्लेख गरेकी छन् ।
उक्त आयोगले अनसुन्धान गरेर गरेर अर्को सरकारका लागि सहज हुने आधार तयार गरिदिने उनले बताइन् ।
'कति भ्रष्टाचार भएको छ । अनियमितिता भएको छ त्यसको अनुसन्धान गरेर भए पनि हामीले कारबाही गर्ने सम्म मात्र पुऱ्यायौं भने सरकारले काम गर्न सक्छ । तर हामी बाटो चाहिँ बनाउँछौं' बीबीसी नेपालीलाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्री कार्कीले भनिन् ।



जेनजी आन्दोलनको दमन जाँचबुझका लागि तीन ससस्यीय आयोग बन्ने जानकारी दिएकी छन् । उनले सुरुमा एक महिनाको समय दिने र नसकिएको अवस्थामा थप १५ दिन समय उपलब्ध गराउने जानकारी दिइन् । मन्त्रिपरिषद्को बैठकले हिजो नै आयोग बनाउने सैद्धान्तिक निर्णय गरेको थियो । सरकारको कार्यकाल नै ६ महिनाको भएकाले यो अवधिमा अधिकतम काम गर्ने उद्देश्य रहेको उनले बीबीसीको विशेष अन्तर्वार्तामा बताएकी छन् ।

## जेनजी आन्दोलनमा ज्यान गुमाएकाको शवयात्रा

दैनिक समाचारदाता
काठमाडौं, ३१ भदौ । जेनजीहरू आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूको मंगलवार अन्त्येष्टि गरेको छ ।



मृतक परिवारका सदस्य र आफन्तहरूले शवयात्रा सहित अन्त्येष्टि गरेका हुन । मृतकका शवहरू अन्त्येष्टिका लागि शवयात्रा निकालिएको थियो ।
त्रिवि शिक्षण अस्पतालबाट शवहरू चक्रपथ हुँदै पशुपति आर्यघाट लगेका थिए । शवयात्राका लागि पुगेकाहरूले मृतकका फोटो र राष्ट्रिय झण्डा बोकेका थिए ।
कतिपयले 'नि:सन्तानलाई के थाहा जेनजीको सपना ?' लेखिएको कपडाले शरीर छोपेका थिए ।सरकारले जेनजी आन्दोलनमा मृत्यु भएकाहरुलाई शहीद घोषणा गर्ने, राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने र राष्ट्रिय शोक स्वरुप असोज १ गते सार्वजनिक बिदा दिने लगायतका निर्णय गरेको थियो । त्यसपछि मृतकका परिवार अन्त्येष्टि गर्न तयार भएका हुन् ।
भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्ध विरुद्ध युवाहरूले गरेको प्रदर्शन हिंसात्मक बन्दा ७२ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धेरैजसो गोली लागेकाहरू छन् । कतिपयका शव आगोमा जलेको अवस्थामा भेटिएका छन् ।

## कार्कीको तयारी : ११ सदस्यीय सानो मन्त्रिपरिषद्

दैनिक समाचारदाता
काठमाडौँ ३१ भदौ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रधानमन्त्री नियुक्त भएकी सुशीला कार्कीले आफ्नो मन्त्रिपरिषद् छोटकरीमा मात्रै राख्ने संकेत गरेकी छन् । बीबीसी नेपाली सेवासँगको विशेष अन्तर्वार्तामा उनले मन्त्रिपरिषद् अधिकतम १० देखि ११ सदस्यीय बनाउने स्पष्ट धारणा व्यक्त गरिन् ।
उनका अनुसार मन्त्रालयको जिम्मेवारी कसको कस्तो क्षमता छ भन्ने आधारमा वितरण गरिनेछ । राजनीतिक व्यक्तिलाई भन्दा विषय-विज्ञलाई प्राथमिकता दिइने उनको भनाइ छ ।
शुक्रबार नियुक्त भएकी कार्कीले आइतबार पहिलो चरणमा तीन मन्त्री नियुक्त गरेकी थिइन् । राष्ट्रपति पौडेलले सोमबार शपथ गराएका ती मन्त्रीहरूमा –
*रामेश्वरप्रसाद खनाल :* अर्थ मन्त्रालय
*कुलमान घिसिङ :* ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार, यातायात र सहरी विकास मन्त्रालय
*ओमप्रकाश अर्याल :* गृह, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
यससँगै कार्की नेतृत्वको मन्त्रिपरिषद् चार सदस्यीय बनेको छ । ११ सदस्यीय बनाउन उनले अझै सात जनालाई मन्त्री बनाउनु पर्नेछ, तर कहिले मन्त्रिपरिषद् पूर्ण हुने भन्ने विषय खुलेको छैन ।
प्रधानमन्त्री कार्कीले मंगलबार तिलगंगा आँखा प्रतिष्ठान पुगेर



वरिष्ठ नेत्र चिकित्सक डा. सन्दुक रुइतलाई सरकारमा सहभागी हुन आग्रह गरेकी थिइन् । तर रुइतले सरकारलाई बाहिरैबाट सहयोग गर्ने बताउँदै मन्त्री बन्न अस्वीकार गरेका छन् ।
कार्की नेतृत्वको अन्तरिम सरकारमा सबै सरोकारवाला पक्षको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने दबाब छ । उनका निकटस्थ स्रोतका अनुसार जेनजी आन्दोलनको प्रतिनिधित्वका रूपमा वकिल ओमप्रकाश अर्याललाई मन्त्री बनाइएको हो । कांग्रेस, एमाले र माओवादी दल अस्वीकार गर्न नसक्ने व्यक्तिहरूलाई सरकारमा ल्याउने रणनीति कार्कीको रहेको स्रोतले बतायो ।
शिक्षा र स्वास्थ्य मन्त्रालयका लागि पनि विज्ञको नाममा छलफल भइरहेको छ । शिक्षामन्त्रीका लागि केदारभक्त माथेमा र विद्यानाथ कोइराला चर्चामा छन् भने, स्वास्थ्यमन्त्रीका लागि डा. भगवान् कोइराला, डा. रामेश कोइराला, डा. भोला रिजाललगायतका नाम उठेका छन् ।
यता, प्रधानमन्त्री निकट स्रोतका अनुसार पूर्वरथी बालानन्द शर्मालाई पनि मन्त्री बनाउने सम्भावना छ । कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको प्रमुखसमेत भइसकेका शर्मा सुरक्षा संयन्त्रसँग सहजीकरण गर्न सक्ने पात्रका रूपमा हेरिएको बताइन्छ ।
कार्कीले महान्यायाधिवक्तामा सविता बराल भण्डारीलाई नियुक्त गरेकी छन् । तर सचिवालयमा आधिकारिक नियुक्ति नभएकाले

*बाँकी अन्तिम पृष्ठमा*

## मागपत्रको मस्यौदा तयार

दैनिक समाचारदाता
काठमाडौँ, ३१ भदौ । जेनजी प्रदर्शनका अभियन्ताहरूले अन्तरिम सरकारसँग राख्ने मागहरूको मस्यौदा तयार पारेका छन् । आफ्ना मागलाई संस्थागत ढंगले अघि बढाउने उद्देश्यसहित सहमतिमूलक मस्यौदा तयार पारिएको हो, जसलाई प्रधानमन्त्री सुशीला कार्कीमार्फत राष्ट्रपतिसमक्ष पठाउने तयारी गरिएको छ ।
मस्यौदामा अन्तरिम सरकारमा युवाहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, युवासहितको विज्ञ परामर्श समूह गठन गरी त्यसका सुझावका आधारमा सरकारी कार्यभार सञ्चालन गर्नुपर्ने, जेनजी प्रदर्शनबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कठोर कारबाही हुनुपर्ने लगायतका माग समावेश छन् ।
'हाउ टु देश विकास' नामक समूहले मागहरूको मस्यौदा तयार पारेको हो ।
आन्दोलनको मर्मअनुसार अघि बढ्नका लागि राखिएका मागहरू नागरिकहरूले 'स्पिक अप नेपाल' को वेबसाइटमार्फत पनि पेश गर्न सकिने व्यवस्था गरिएको बताइएको छ ।


## संविधानको एक दशक ।

- संविधान देशको मुल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बढ्दो आपराधिक गतिविधि र असुरक्षा

महोत्तरीको मटिहानी नगरपालिका-५, बिसनपुरमा भएको हालसालैको डकैती घटनाले सम्पूर्ण समाजलाई गम्भीर रूपमा त्रसित बनाएको छ। मध्यरातमा ३०-५० जनाको समूहमा आएका चोर-डकैतहरूले धारिलो हतियार प्रयोग गर्दै निर्दोष परिवारलाई घाइते बनाउनु मात्र अपराध होइन, मानवता माथिको आक्रमण पनि हो। पीडित परिवारका सदस्य गम्भीर घाइते भई उपचाररत छन्, जसले घटनाको क्रूरता प्रस्ट पार्छ।

यस्ता घटनाले जनसुरक्षामा प्रश्न उठाउँछ। स्थानीयवासीले देखाएको असुरक्षाको भावना केवल भावनात्मक होइन, वास्तविक हो। राज्यको पहिलो जिम्मेवारी नागरिकको सुरक्षा हो, तर अपराधी यसरी टोलमा पस्न सक्ने अवस्था रहनु सुरक्षा संयन्त्रको कमजोरीको संकेत हो। नगर प्रमुखदेखि वडाध्यक्षसम्म घटनास्थल पुगेको सन्देशले पीडितप्रति सहानुभूति देखाउँछ, तर सहानुभूति मात्र पर्याप्त हुँदैन। अपराध नियन्त्रणका लागि ठोस रणनीति, प्रभावकारी गस्ती र सूचना संकलन प्रणाली जरुरी छ।

समाजमा फैलिँदै गरेको आपराधिक गतिविधि केवल व्यक्तिगत पीडाको विषय होइन, सम्पूर्ण समुदायलाई आतंकित गर्ने खतरा हो। अपराधीलाई छिट्टै पक्राउ गरी कडा कारबाही गर्नु अत्यावश्यक छ, तर दीर्घकालीन रूपमा रोजगार, शिक्षा र सचेतना कार्यक्रमले पनि अपराधका मूल कारणलाई कम गर्न मद्दत पुऱ्याउँछ।

यस घटनाले हामीलाई सचेत गराएको छ–अपराध नियन्त्रणमा ढिलाइले समाजमै असुरक्षा फैलिन्छ। प्रहरी प्रशासनले दोषीलाई चाँडै कानूनी दायरामा ल्याउनुपर्छ, अन्यथा राज्यप्रतिको विश्वास नै कमजोर हुनेछ। नागरिकको सुरक्षाभन्दा ठूलो प्राथमिकता अरू हुन सक्दैन।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# ‘सङ्कट अस्थायी हो, आशा स्थायी’



टिकाराम सुनार

यही भदौ २३ र २४ मा नेपालमा ‘जेनजी’ आन्दोलन भयो । यो नेपालका लागि मात्रै होइन, विश्वकै लागि पछिल्लो शताब्दीकै एक ‘विशिष्ट’ घटनामा दर्ज भएको छ । ‘विशिष्ट’ यस अर्थमा कि वर्षौंदेखि मौलाएका ‘बेथिति’ को प्रतिरोध गर्दै केही घण्टामै ‘सत्ता’ उलटफेर भएको छ । यस्तो घटना विश्वमै विरलै हुन्छ । २०४६ सालको परिवर्तन र २०६२/६३ पछि देखाइएका सपनालाई नागरिकको बदलिँदो चेतना र आवश्यकतासँग जोड्न नसकेको उकुसमुकुस । उमेरले होइन ‘एजेन्डा’ प्राथमिकताको विषय हो, तर जति तर्क गरे पनि एउटा व्यक्ति सबै व्यवस्था, काल र परिस्थितिमा ‘सर्वकालिक’ ग्राह्य हुँदैन । उसको समय, चेतना, वेग र आवश्यकताको सिद्धान्तले पनि त्यो हुँदैन, तर नेपालमा त्यही भइरह्यो, जुन कुरा पछिल्लो पुस्तालाई मन परेन । त्यसको अभिव्यक्ति हो, भदौ २३ र २४ को अवस्था । यो आन्दालनबारे विविध कोणबाट बहस भइरहेकै छन्, हुनु पनि पर्छ ।

यस आन्दोलनले दुईवटा पक्ष बोकेको जस्तो देखिन्छ– एउटा आशा र अर्को सङ्कट । आशाले भ्रष्टाचार, अन्याय र बेथितिको अन्त्य गर्दै सुशासन, सुव्यवस्थासहित सुनौलो भविष्य निर्माणको सपनालाई प्रतिनिधित्व गर्छ । हाल आन्दोलनको घाउ आलै छ । देशका अमूल्य सम्पदा, आर्थिक प्रशासनिक धरोहर खरानी भएका छन् । राष्ट्र निर्माणमा योगदान गर्ने सबै क्षेत्रको आत्मबल कमजोर भएको छ । यद्यपि, राष्ट्रपतिको सुझबुझपूर्ण अभिभावकत्वका कारण तत्काल लोकतन्त्र जोगिएको छ । संवैधानिक सर्वोच्चतालाई स्वीकार्दै अगाडि बढ्ने बाटो खुलेको छ । अब सर्वत्र चिन्ता र चासो छ– देश कसरी उठ्ला ?

यस्तो बेला केवल सङ्कल्पको खाँचो छ । आम नेपालीमा फेरि सपना र आत्मविश्वासको जन्म गराउने सुझबुझपूर्ण नेतृत्वको खाँचो छ । दशवर्षे सशस्त्र द्वन्द्वबाट सम्हालिँदै अगाडि बढेको देश । संविधानसभा र संविधान निर्माणका क्रममा अघिपछि भएका आक्रोशलाई मत्थर गरेर लयमा फर्किएको देश । हामी पटकपटकका आन्दोलन, क्रान्ति र प्रतिक्रान्तिका बीचबाट उठेर हिँडेका छौँ । विनाशकारी भूकम्पदेखि तमाम जटिलताका बीचबाट पनि आशा र सपनासहित हिँड्न सफल भएका छौँ । के यो एउटा आन्दोलनले भत्किन्छौँ, सकिन्छौँ त ? पक्कै यो समय पनि बितेर जानेछ । अङ्ग्रेजीमा एउटा भनाइ छ नि ‘टाइम हिल्स’ अर्थात् समयले उपचार गर्छ । इतिहासले हामीलाई सिकाएको छ–नेपाल कहिल्यै हार्दैन । न द्वन्द्वमा हाऱ्यो, न विपद् वा महामारीमा । भूकम्पमा ढलेका घर फेरि उठे । कोरोना महामारीले छाएको मौनता फेरि हाँसोले गुल्जार भयो । नेपाल पटकपटक ढले पनि फेरि उभिएको छ । त्यसैगरी यसपटक पनि हामी सजिलैसँग उठ्नेछौँ । मूर्छित आशा फक्रिनेछ ।

यस आन्दोलनबाट नयाँ पुस्ताले दिएको सन्देश स्पष्ट छ-समान न्याय, समान अवसर र उत्तरदायी शासन । हामीले यही आवाज सुन्नुपर्छ । आमनेपालीबीच फेरि एकता र सौहार्द्रताको खाँचो छ । हामी हरेकले सम्हालिनु छ । हरेकले फेरि उठ्नका लागि सङ्कल्प गर्नुपर्नेछ । बुझ्नुपर्ने के छ भने सङ्कटलाई देखाएर वा अन्धकारलाई गाली गरेर मात्र उज्यालो आउँदैन । अब हरेक नेपालीमा साहस र सङ्कल्प आवश्यक छ । उज्यालो स्वतः आउँदैन, कसैले बत्ती बाल्नुपर्छ । त्यसैले एकता, सहिष्णुता र सुशासनतर्फ सामूहिक प्रयास गर्नुपर्छ । समाजमा असुरक्षा, अनिश्चिय, अफवाह फैलाउने र निरासामा डुबेर होइन, सानो-सानो कर्मले आशाको बाटो कोर्नुपर्छ ।

हामी सबै विभिन्न अफवाहबाट त्रस्त भएको बेला राष्ट्रपति रामचन्द्र पौडेलले यही भदौ २८ गते गर्नुभएको सार्वजनिक अपिलको भावनालाई बुझौँ । उहाँले भने जस्तै संविधान र प्रणाली जोगिएको छ, अब चुनावमार्फत अझ परिपक्व लोकतन्त्रतर्फ अघि बढ्ने अवसर आएको छ । यसलाई सदुपयोग नगरे फेरि सङ्कट आउन सक्छ । “देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । तसर्थ, बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैँमा सम्हालिँदै आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु”, राष्ट्रपतिको यो भनाइ प्रस्ट सन्देश पनि हो र चेतावनी पनि । संविधान जोगाउँदै जुक्तिले जोगाएको यो व्यवस्थामा सम्हालिँदै अगाडि बढेमा फेरि उठ्ने अवसर छ । त्यसलाई बेवास्ता गर्दै बहानाबाजी गरेमा सङ्कट तत्कालका लागि टरेको हो, दीर्घकालका लागि होइन । फेरि हामी अनिश्चयतर्फ धकेलिन्छौँ । यो चेतावनीलाई पनि अवसरका रूपमा लिएर अगाडि बढौँ ।

जेनजी आन्दोलनपछिको नेपाल : निराशाभन्दा आशाको बाटो

सम्झिऔँ त यही भदौ २३ देखि २७ गतेसम्मको अवस्था । यो विचार लेख्दासम्म ७२ जनाको ज्यान गएको छ भने अझै धेरैजना उपचारकै क्रममा छन् । अर्बौंको सम्पत्तिमा नोक्सान भएको छ । यो आन्दोलनले एकैपटक राज्यको सुरक्षा प्रणाली, सुरक्षा दस्ताहरूको सूचना पहुँच र विश्लेषण क्षमता, राजनीतिक नेतृत्वको सोचको अवस्था छर्लङ्ग भएको छ । भ्रम र अफवाह कति शक्तिशाली छ भन्ने प्रस्ट्याएको छ ।

यी विविध पक्षको विश्लेषण हुँदै जाला । आन्दोलनको मूल मुद्दालाई कुनै पनि बहानामा नभड्काऔँ । जेनजी आन्दोलनको मूल माग भ्रष्टाचार, बेथिति, चरम नातावाद, राजनीतिको अपराधीकरण र राज्य संयन्त्रलाई पार्टीकरण गर्ने प्रवृत्तिको अन्त्य गर्नु थियो । दलहरूबीच नीति, सिद्धान्त र युग चेतलाई सम्बोधन गर्नेभन्दा पनि ‘सत्ता’ मा रहनका लागि हुने भागबन्डा र त्यसैका लागि सबै क्षेत्रलाई ‘पङ्गु’ बनाएर आफू बलियो हुने प्रवृत्तिलाई युवा पुस्ताले अस्वीकार गरेका हुन् । त्यसैले अब अफवाहलाई चिर्दै भत्काउन खोजिएको आत्मबललाई कमजोर हुन नदिऔँ । केही सकिएको छ, तर धेरै बाँकी नै छ । सहरका गल्लीमा सपना बोकेर हिँड्ने युवा अझै छन् । गाउँको खेतमा पसिना बगाइरहेका किसान अझै काम गर्न तयार छन् । आमा-बुबाको आँखामा सन्तानको उज्यालो भविष्य देख्ने विश्वास अझै छ । यी सबै कुराले चिच्याएर भनिरहेका छन्–देश अझै बाँकी छ । जनतामा विवेक अझै बाँकी छ । आशा अझै बाँकी छ ।

यतिबेला सर्जक कालीप्रसाद रिजालले लेखेका शब्द र संविधानविद् तथा सर्जक अर्जुन मिलन (डा भिमार्जुन आचार्य) गीतका सानो पङ्ति सम्झौँ:

*सबैले त देशबाट लिन्छु केवल लिन्छु भने,*
*तिमीचाहिँ देशलाई म त दिन्छु केही भन्देउ न है ।*

अब हरेक नागरिकमा साहस चाहिएको छ । नयाँ बिहान हरेक रात पछाडि नै आउने हो भन्ने सकारात्मक दृष्टिसहित काम गर्न आवश्यक छ । लोकतन्त्रमा दलबिनाको कल्पना पनि गर्न सकिँदैन, त्यसैले अब दलहरूले सुध्रेर अगाडि बढ्नुको विकल्प छैन । आफ्नो असहमति स्वस्थ ढङ्गले राखौँ । दलभित्र ‘लोकतन्त्र’ स्थापना गरौँ । अब आफूभित्रका योग्य पुस्तालाई विश्वास गरौँ । हिजो जे भयो भयो इन्तु, किन्तु, परन्तु नभनी अब पार्टीभित्रै सबैले समान अवसरको गोरेटो बनाइदिऔँ ।

***निराशाको बीचमा आशाको खोजी***

परिवर्तन आम नेपालीको माग हो । कुनै पनि माध्यमबाट यो पोखिनेवाला थियो नै । त्यसका पछाडि थुप्रै कारण छन् । यसपटक ‘जेनजी’ आन्दोलनका नाममा परिवर्तनको चाहना पोखियो । सुशासन र भ्रष्टाचारविहीन शासन, पुरातनवादी सत्ता अभ्यासमा परिवर्तनको मागसहित उठेको यो आन्दोलनले दुई दिनमै कायापलटको अवस्था बनाइदियो । त्यही बीचमा यो तहको विध्वंसले कसरी स्थान पायो र त्यसको मक्सद के हो भन्नेबारे भविष्यमा पर्दा खुल्दै जालान्, खुल्नै पर्छ । तथापि, अब त्यसैका पछाडि लागेर निराशाको खाडल गहिरो बनाउन नलागौँ । अहिले सङ्कट छ, तर आशा पनि छ । हाम्रै विगत र हाम्रो जस्तै सङ्कट बेहोरेर उठेका विश्वका अन्य उदाहरणबाट पाठ सिक्दै सुन्दर भविष्य निर्माणमा जुट्नुको विकल्प हामीसँग छैन । यी तमाम अनुभवले एउटा कुरा देखाउँछ–सङ्कट स्थायी हुँदैन ।

यो तहको विध्वंस नयाँ र अनपेक्षित भए पनि नेपालमा राजनीतिक आन्दोलनको कुरा नयाँ होइन । २००७ सालअघिको आन्दोलनले राणशासनको एक सय चार वर्षको इतिहास मेटायो । प्रजातन्त्रको विजारोपण भयो । २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्था ल्यायो । निर्दलीय पञ्चायतलाई च्यूत गर्दै प्रजातन्त्र बहाली भयो । दश वर्ष लामो हिंसात्मक द्वन्द्वबाट बाहिर आयौँ । २०६२/६३ सालको जनआन्दोलनले वंशवादमा आधारित दुई सय चालीस वर्ष लामो राजतन्त्रलाई बिदा गऱ्यो, गणतन्त्र स्थापना भयो । हरेक निर्णायक मोडमा नेपाल ढलेको र जलेको मात्रै छैन । उठेको पनि छ, बनेको पनि छ । त्यसैले आजको ‘जेन जी’ आन्दोलनका क्रममा भएको विध्वंसको ‘अंश’ छुट्याउने हो भने यो नयाँ पुस्ताले समान न्याय, समान अवसर र उत्तरदायी शासन मागेका छन् । विध्वंसकै कुरामा रुमल्लिनुभन्दा यो आवाजको शङ्खनाद सुनौँ । समयमै सुनौँ । अब यसलाई अवसरका रुपमा लिऔँ, जसरी यस्तै सङ्कट आउँदा विश्वका अरु मुलुकले लिए ।

धेरै विगतमा जाँदा दोस्रो विश्वयुद्धपछि पूर्णरूपमा ध्वस्त भएको जापान अनुशासन, नवप्रवर्तन र प्रविधिमा लगानी र स्पष्ट ‘भिजन’ लिएर अगाडि बढ्दा केही दशकमै विश्व आर्थिक शक्ति बन्यो । युद्धपछिको विनास र विभाजनपछि जर्मनी राजनीतिक सहमति र स्पष्ट पुनर्निर्माण योजनाका कारण फेरि युरोपको बलियो अर्थतन्त्र बन्यो । सन् १९९४ को नरसंहार (करिब १० लाख मानिस मारिएको भनिएको) पछि असम्भव जस्तो लाग्ने रुवाण्डामा पुनर्मिलन र सुशासन सम्भव भयो । युद्धपछि दक्षिण कोरिया (१९५०-५३) गरिब कृषिप्रधान देशबाट शिक्षा र औद्योगीकरणमा लगानी गर्दै लोकतान्त्रिक अभ्यासमार्फत केही दशकमै विश्वकै उच्च आय भएको राष्ट्र बन्यो । फेरि दक्षिण कोरियामै सन् १९६० को ‘अप्रिल रिभोलुसन’ भनेर चिनिने विद्यार्थी आन्दोलनले अधिनायकवादी शासनको ठाउँमा लोकतन्त्रको बाटो तय गऱ्यो ।

त्यस्तै ट्युनिसियामा सन् २०१०-११ मा युवाहरूले गरेको ‘अरब स्प्रिङ’ आन्दोलन लोकतान्त्रिक संरचनाको आधार तयार गऱ्यो । ट्युनिसियामा २३ वर्ष शासन गरेका जिन एल आबेदिन बेन अलीयस सत्ता च्युत भए । यसको उभार इजिप्ट, लिबिया, सिरिया, यमन, बहरेनसम्म फैलियो । त्यसको परिणाम स्वरुपम इजिप्टमा ३० वर्ष एकछत्र शासन गरेका होस्नी मुबारक, लिबियामा मुअम्मर गद्दाफीको ४२ वर्ष लामो शासन अन्त्य भयो । सिरिया, एमन र बहराइनले समयको आवाज नसुन्दा अझै पनि त्यहाँ सङ्कट र अस्थिरताबाट पार पाउन सकिएको छैन ।

यी सबै उदाहरणले सम्हालिएर अगाडि बढेमा ध्वस्त भएको समाज पनि आशा र स्पष्ट रणनीति भयो भने चाँडै पुनः निर्माण हुन्छ र अझ सुखद समय आउँछ भन्ने देखाउँछन् । नेपालले पनि बारम्बार सङ्कटको सामना गरेको छ, तर हरेक पटक उठेका छौँ । यसर्थ, हरेक असहज परिस्थितिबाट उठ्ने क्षमता नेपाली समाजको मूल पहिचान हो । अहिले युवाहरूको भावनाअनुसार ‘सुशासन र भ्रष्टाचारविहीन’ समाज बनाउने हो भने यी भत्केका भवन चाँडै ठडिनेछन् । बिथोलिएको आत्मबल फेरि बलियो गरी उभिने छ । अब केवल सरकारको स्पष्ट दृष्टिकोण, इच्छाशक्ति र त्यसमा लामो अनुभव तथा योगदान भएका राजनीतिक दलले शान्तिपूर्ण सहजीकरण गर्न आवश्यक छ । आफ्ना असहमतिलाई शालीन र नवीन ढङ्गले मुखरित गर्दै ‘बडो जुक्तिले प्राप्त अवसर’ को सदुपयोग गर्नसके फेरि अवसरले पछ्याउने छन् ।

निष्कर्षमा भन्नुपर्दा अहिले जलेका र ढलेका संरचना मात्रै नदेखौँ, हाम्रो अगाडि झल्झली उज्यालो दिने अवसरको दीपलाई पनि देखौँ । आक्रोश र असन्तोषको छाया मात्र नदेखौँ, उज्यालो भविष्यतर्फको सम्भावना पनि चिनौँ । नेपालका युवाले उठाएका आवाजलाई व्यवस्थापन गर्न संवाद र सहमतिको बाटो समातौँ । एकता, सहअस्थित्व, सामाजिक सहिष्णुता, अग्रगामी राजनीतिक चेत र सुशासनमा जोड दिएमा पुनर्जागरण सम्भव छ । पक्कै यो समय हटेर जानेछ किनकि सङ्कट अस्थायी हो, तर आशा स्थायी । यही आशाले नेपाललाई नयाँ बिहानतर्फ लैजानेछ । रासस

## मैथिली नाटक 'रेङ-रेङ'

# हाँसोभित्र लुकेको समाजको पीडा

जनकपुरधाम । वरिष्ठ साहित्यकार एवं प्रोफेसर परमेश्वर कापडिद्वारा लिखित मैथिली नाटक 'रेङ-रेङ' समकालीन समाजको गहिरो यथार्थलाई हास्य-व्यङ्ग्यको आवरणभित्र प्रस्तुत गर्ने एक उत्कृष्ट नाट्य-कृति हो । सतही रूपमा हेर्दा यो हल्का-फुल्का संवाद र पात्रहरूको रमाइलो टकरावले भरिएको लाग्छ, तर ध्यानपूर्वक अवलोकन गर्दा यसले समाजको मूल पीडा–गरिबी, बेरोजगारी, भ्रष्टाचार र मूल्य-संकटलाई धारिलो ढंगले उजागर गरेको देखिन्छ । वर्तमानलाई हेर्दा नेपालको वस्तुस्थितिमाथि आधारित छ ।

*कथा संरचना र नाट्य प्रवाह*

नाटकको सुरुआत एउटा ढलेको दलान, जीर्ण भवनमा हुन्छ, जसलाई नाटक अभ्यास गर्ने कलाकारहरूको अस्थायी रंगशाला बनाइएको छ । यो भौतिक दृश्य नै प्रतीकात्मक हो–जसरी पुरानो दलान भत्किएर टुक्रा-टुक्रा भएको छ, त्यसरी नै हाम्रो समाजको संरचना पनि विखण्डित र संकटग्रस्त बनेको छ ।

दलानभित्र कलाकारहरूको आपसी संवाद, झगडा, प्रेम-प्रसङ्ग, पैसाको खोजी र आयोजक-प्रायोजकप्रतिको आक्रोशलाई लेखकले क्रमशः प्रस्तुत गरेका छन् । सुरुआती दृश्यमा हल्का-फुल्का व्यङ्ग्य, मोबाइलमा डुबेका युवा, रिहर्सलको आलस्यले दर्शकलाई हसाउँछ । तर बीचमा श्रीधरम र अनवरबीचको गम्भीर बहस आउँछ, जसले बेरोजगारी, राजनीतिक अन्याय र कला-संस्कृतिप्रतिको उपेक्षाको विषय उठाउँछ ।

नाटक अन्त्यतिर पुग्दा लक्ष्मीदेवीको प्रतीकात्मक अवतरण हुन्छ । धन र असर्फी देख्ने बित्तिकै कलाकारहरूको चेत, नैतिकता र मूल्यको नकाब भत्किन्छ र तिनीहरू आपसमा छिनाझपटीमा लाग्छन् । यही बिन्दुमा लेखकले समाजको अन्तिम सन्देश दिएका छन–"सब रोगको जड गरीबी हो ।"

*नाटकका प्रमुख विषयवस्तु*

१. गरीबी : मूल रोग

नाटकले स्पष्ट रूपमै देखाएको छ–समाजमा व्याप्त सबै प्रकारका अपराध, भ्रष्टाचार, असमानता र मानसिक संकटको मूल जड गरीबी हो । कलाकारहरू रिहर्सलमा जुटे पनि भोकै हुन्छन्, प्रायोजनको खोजी गर्छन् तर पाउँदैनन् । अन्ततः लक्ष्मी देखिएपछि उनीहरू लोभमा फस्छन् । गरीबीकै कारण नै मूल्य, नैतिकता र चेतनाको क्षय हुन्छ भन्ने निष्कर्ष नाटकले दिन्छ ।

*२. कलाकार र कला-संस्कृतिको उपेक्षा*

लेखक स्वयं साहित्यकार एवं रंगकर्मी भएकाले उनले कलाकारको पीडा नजिकबाट भोगेका छन् । नाटकभर कलाकारहरू निधि अभाव, आयोजकको धोका, सरकारको बेवास्ता र समाजको उपेक्षाले पीडित देखिन्छन् । संस्कृतिको रक्षार्थ लागेका रंगकर्मी आफैं दिनदिनै संघर्षरत छन् । यो प्रश्न केवल नाटककै नभई हाम्रो सम्पूर्ण सांस्कृतिक चेतनासँग जोडिन्छ ।

*३. हास्य र व्यङ्ग्यको धार*

नाटकको सबैभन्दा ठूलो बल भनेको यसको हास्य-व्यङ्ग्यात्मक प्रस्तुति हो । मोबाइलमै डुबेका पात्र, "नो टेन्सन" भन्ने संवाद, आयोजकको खोक्रो भाषण, लक्ष्मीलाई देख्ने बित्तिकै पात्रहरूको स्वर बदलिनु–यी सबैले दर्शकलाई हसाउँछन् । तर हाँसोभित्रै गहिरो पीडा र प्रश्न लुकेको हुन्छ, जुन वास्तविक जीवनसँग सीधा टाँसिएको छ ।

*४. मूल्य-संकट र धनप्रेम*

नाटकको उत्कर्षबिन्दु लक्ष्मीको प्रवेश हो। प्रारम्भमा कलाकारहरूले लक्ष्मीको उपहास गरेका हुन्छन्, तर धन वर्षा भएपछिमात्र उनीहरू आपसमा लडाइँमा उत्रिन्छन्। यही दृश्यले समाजमा पैसाप्रतिको अन्धो आकर्षण, मूल्य र संस्कृतिको क्षय, र मानवीय सम्बन्धको विखण्डनलाई शक्तिशाली ढंगले चित्रण गर्छ।

*पात्रहरूको चरित्रचित्रण*




श्रीधरम : प्रश्न उठाउने, समाजप्रति सजग र गम्भीर पात्र। उसको संवादले नाटकलाई गहिराइ दिन्छ ।

अनवर : उदासीन देखिए पनि अन्ततः जोश र विद्रोही भाव बोकेको पात्र । उसको आवाजमा पीडित जनताको स्वर झल्किन्छ ।

अक्षरा र हमाल : मोबाइल-प्रेमी पुस्ताका प्रतिनिधि, जसरी आजका युवाहरू आभासी दुनियाँमा हराइरहेका छन् ।

लक्ष्मी : प्रतीकात्मक पात्र। उसको प्रवेशले लोभ, नैतिकता र मूल्यसंकटको वास्तविक रूप दर्शक सामु ल्याउँछ।

यी पात्रहरू स्वाभाविक संवाद र व्यवहारमार्फत् समाजका विभिन्न वर्ग र प्रवृत्तिको प्रतिविम्ब बनेका छन्।

*भाषा र शैली*

नाटकको भाषा सरल, बोलचालमै आधारित र व्यङ्ग्यले भरिपूर्ण छ । "आइ-कार्ड", "मोबाइल", "नो टेन्सन" जस्ता शब्दहरूले समकालीन जीवनशैलीलाई सजीव रूपमा प्रस्तुत गर्छ। ग्रामीण बोली, ठट्यौली र आधुनिक शब्दहरूको मिश्रणले भाषालाई जीवन्त बनाएको छ । व्यङ्ग्यको धार यति तिखारिएको छ कि दर्शक हाँस्दै-हाँस्दै गहिरो सोचमा डुब्छ ।

*सन्देश र प्रासंगिकता*

"रेङ-रेङ" केवल हाँसाउने नाटक होइन; यसले हाम्रो समाजको मूल संकटलाई औंल्याउँछ। कलाकारहरू संघर्षरत छन्, समाज उपेक्षी छ, राजनीतिले मूल्य खाइरहेको छ, र जनता गरिबीमा जकडिएका छन्। यी सबै प्रश्न आज पनि उत्तिकै प्रासंगिक छन्। लक्ष्मीको प्रवेशपछि पात्रहरूमा देखा परेको लोभ र छिनाझपटी त हाम्रो दैनन्दिन जीवनकै चित्र हो ।

लेखक कापड़िको "रेङ-रेङ" मैथिली रंगमञ्चमा थपिएको महत्त्वपूर्ण कडी हो । यसले हास्य र व्यङ्ग्यलाई आधार बनाएर समाजको कठोर यथार्थ उजागर गरेको छ । गरीबीलाई सबै रोगको मूल कारण ठहराउँदै यसले मूल्यसंकट, कला-संस्कृतिप्रतिको उपेक्षा, र पैसाको अन्धविश्वासलाई कठोर आलोचना गरेको छ ।

यो नाटक हाँसो-ठट्यौलीले दर्शकलाई रमाइलो गराउँछ, तर अन्ततः गहिरो प्रश्न सोधेर छोड्छ–के हामी केवल पैसाको लोभमा सबै मूल्य र चेतनालाई बेच्न तयार छौं?

यस अर्थमा "रेङ-रेङ" मनोरञ्जन मात्र होइन, समाजलाई ऐना देखाउने दर्पण पनि हो।

# अध्ययनमा विदेशियो १४ अर्ब ३१ करोड

दैनिक समाचारदाता

काठमाडौं, ३१ भदौ । देशभित्रै सुविधा सम्पन्न विश्वविद्यालय, कलेज तथा आवश्यक शैक्षिक संस्था भए पनि अध्ययनका लागि विदेशिनेक्रम घट्नुको साटो बढ्दै गएको छ । एक महिनाको अवधिमा मात्रै अध्ययनका लागि रु १४ अर्ब ३१ करोड बराबरको रकम विदेशिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार शिक्षातर्फको व्यय गत वर्षको तुलनामा थोरै कम छ । चालु आवको पहिलो महिनामा अध्यनयका लागि रु १४ अर्ब ३१ करोड व्यय भएकामा गत आवको सोही अवधिमा रु १४ अर्ब ९६ करोड थियो ।

चालु आवको पहिलो महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय दुई दशमलव आठ प्रतिशतले कमी आई रु २१ अर्ब ७० करोड पुगेको छ । यस्तै, अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु २२ अर्ब ३२ करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद सेवा आय रु १३ अर्ब ३९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु १५ अर्ब छ करोडले घाटामा रहेको थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १२ दशमलव सात प्रतिशतले वृद्धि भई रु पाँच अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु चार अर्ब ७७ करोड थियो ।

# निर्वाचनका लागि प्रारम्भिक तयारी सुरु

दैनिक समाचारदाता

काठमाडौं, ३१ भदौ । प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गते निर्वाचनको मिति घोषणा भएपछि निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ ।

यसअघि आगामी कात्तिक १७ गतेका लागि निर्धारित रुपन्देही निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द गरी मध्यावधि निर्वाचनका लागि आयोगले प्रारम्भिक तयारी सुरु गरेको हो । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन घोषणासँगै सरकारसँगको औपचारिक परामर्श र अन्य व्यवस्थापकीय तयारी तथा योजना तर्जुमा सुरु भएको बताउनुभयो । नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले निर्वाचनका लागि आवश्यक पर्ने रकमको प्रबन्ध हुनेगरी बजेट परिमार्जित गर्ने घोषणा गरिसक्नुभएको छ ।

यही भदौ २३ २४ गते भएको 'जेनजी पुस्ता'को आन्दोलन र यसबाट उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुभएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई यही भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो । सोही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गर्नुभएको थियो ।

# सञ्चारगृहमा भएका क्षतिको महासङ्घद्वारा अनुगमन

दैनिक समाचारदाता

काठमाडौं, ३१ भदौ । जेनजी आन्दोलनका क्रममा सञ्चारगृहहरुमा पनि क्षति पुगेको छ । आन्दोलनका क्रममा कान्तिपुर टेलिभिजन, कान्तिपुर पब्लिकेसन, अन्नपूर्ण पोष्ट, थाहासञ्चार नेटवर्कलगायत सञ्चारगृहमा क्षति पुगेको छ । संरचनालाई प्रतीकात्मक रुपमा देखाएर सञ्चारगृहले सेवा दिई रहेका छन् ।

सञ्चारगृहमा भएको क्षतिको नेपाल पत्रकार महासङ्घले अनुगमन गरेको छ । सोमबार स्थलगत अनुगमन गर्दा सञ्चारकर्मीले भौतिक संरचना ध्वस्त भए पनि पत्रकारितालाई जीवित राखेर लोकतन्त्रको रक्षा गरेको महासङ्घले निष्कर्ष निकालेको छ ।

यद्यपि आन्दोलनका क्रममा सञ्चारगृहका भौतिक संरचनामा क्षति पुग्नाका साथै पत्रकारहरुमाथि शारीरिक कुटपिट हुनु अत्यन्त निन्दनीय रहेको महासङ्घले जनाएको छ । आन्दोलनमा ठूलो भौतिक र शारीरिक क्षति पुगे पनि सूचना प्रवाहमा पत्रकारिताको दायित्व कायम राख्नु प्रशंसनीय रहेको महासङ्घका अध्यक्ष निर्मला शर्माले बताउनुहुन्छ ।

सञ्चारगृह र पत्रकारमाथि भएको क्षतिको अनुगमनको विस्तृत प्रतिवेदन केही समयपछि प्रकाशन गरिने महासङ्घका अध्यक्ष शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार कान्तिपुर, अन्नपूर्ण पोष्ट, कान्तिपुर एफएमलगायत केही सञ्चारगृहमा नियोजित ढङ्गले तोडफोड र आगजनी गरिएको पाइएको छ ।

त्यसैगरी उपत्यका बाहिर पनि पत्रकार र केही सञ्चारगृहमा क्षति पुगेको छ । जेनजीको आन्दोलनको बहानामा आ-आफ्नो स्वार्थ लिएका समूहले सञ्चारगृहमाथि तोकेर आक्रमण गरेको पाइएको उहाँले बताउनुभयो । महासङ्घको अनुगमनपछि सरकारसमक्ष घाइते पत्रकारहरुलाई तत्काल र दीर्घकालीन उपचारको व्यवस्था गर्नाका साथै मिडियामाथि भएको तोडफोडको क्षतिपूर्तिको माग गर्ने निर्णय गरेको अध्यक्ष शर्माको भनाइ छ ।

# आज विश्वकर्मा पूजा
# फलामे औजारको पूजाआजा गरिँदै

दैनिक समाचारदाता
जनकपुरधाम, ३१ भदौ। आज असोज १ गते अर्थात विश्वकर्मा पूजा। हिन्दुहरुले विभिन्न फलामे औजार र कलाकारखानाहरुको पुजा आजा गरेर विश्वकर्मा पूजा मनाउदै छन।

प्रतिवर्ष विश्वकर्माका दिनमा जनकपुरधामको बजारमा चहल हुन्थ्यो, तर यसपाली निकै कम देखिन्छ। जेन्जीको आन्दोलन र आर्थिक मन्दीको प्रभाव पूजापाठमा पनि देखिएको छ। आज कलकारखानामा रंगीचंगी पार्नुका साथै बिशेष पूजा पनि गरिन्छ। सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गरेका छन्। बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ।



गाडी मर्मत संभार गर्ने ग्यारेजलगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ। पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ। यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन्। आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि बिसर्जन गरेपछि विश्वकर्मा पूजा समापन हुन्छ। यो पूजा विशेष गरी मधेशी समुदायले धुमधाम र तामझामका साथ मनाउने गर्दछन्। यसै अवसरमा जनकपुर, महोत्तरीलगायत तराईका विभिन्न जिल्लामा विश्वकर्मा बाबाको भव्य पूजा गरी गरिन्छ।

फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाइ आजका दिन बिदा पनि दिने चलन छ। आजका दिन आफनो फलामे औजारको पूजा गर्नाले लामो समय सम्म टिक्ने जनबिश्वास छ।

# जनार्दन शर्माद्वारा प्रचण्डको राजीनामा माग

दैनिक समाचारदाता
काठमाडौं, ३१ भदौ। जेनजी आन्दोलनले पुराना राजनीतिक दल र तिनको नेतृत्वको औचित्य नै समाप्त भएको भन्दै पुनर्गठनको बहस चलिरहेका बेला नेकपा (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को राजीनामा माग गरेका छन्।



शर्मा केही समयदेखि पार्टीभित्र रुपान्तरणको आवश्यकता औंल्याउँदै आएका थिए। जेनजी आन्दोलनपछि नेतृत्वको वैधानिकता नै समाप्त भएको निष्कर्षमा पुग्दै उनले प्रचण्डले पद छोड्नुपर्ने धारणा सार्वजनिक गरेका हुन्। उनका अनुसार, जेनजी युवाहरुले दिएको सकारात्मक सन्देशलाई आत्मसात् गर्दै अब नयाँ नेतृत्वको खोजी गर्नुपर्ने समय आएको छ।

यसै सन्दर्भमा उनले पार्टी पंक्तिमा छलफल सुरु गरिसकेका छन्। छलफलमा सहभागी एक कार्यकर्तालै शर्माको भनाइ उद्धृत गर्दै भने, "जेनजी आन्दोलनले थिग्रिएको भ्रष्टाचारयुक्त राजनीति र संस्कृतिमाथि प्रहार गर्दै नयाँ नेतृत्व खोजेको छ। त्यसलाई सकारात्मक ढंगले लिनुपर्छ। अहिलेको परिस्थितिमा पार्टीको मूल नेतृत्वले तत्काल राजीनामा दिनुपर्छ।"

भ्रष्टाचारविरुद्धको अभियानसहित सुशासनका माग राख्दै जेनजी युवाहरुले सामाजिक सञ्जालमार्फत् आन्दोलन चर्काएका थिए। भदौ २३ गते काठमाडौंमा भएको प्रदर्शन नयाँबानेश्वर पुग्दा प्रहरी घेरा तोडिँदै संसद् भवनसम्म पुगेपछि हिंसात्मक मोडमा गएको थियो। त्यसको भोलिपल्ट प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपरेको थियो। आन्दोलनको क्रममा व्यापक आगजनी र झडप भएपछि राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री ओलीलगायत शीर्ष नेताहरुलाई नेपाली सेनाले हेलिकप्टरमार्फत् उद्धार गर्नुपरेको थियो।

आन्दोलनपश्चात् माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड मंगलबार पहिलोपटक सार्वजनिक भएका थिए। उनले पार्टी केन्द्रीय कार्यालय अवलोकन गर्दै गतिविधि प्रारम्भ गरेका छन्।

शर्माले भने, "जेनजी आन्दोलनले लोकतन्त्र, नेतातन्त्र, कमिसनतन्त्र र दलालीतन्त्रका सबै पाटा उजागर गरेको छ। यसले नयाँ बाटो खोलेको छ, जसले देशलाई फरक ढंगले अघि बढाउने अवसर दिएको छ।"

उनले वर्तमान अन्तरिम सरकारलाई सहयोग गर्दै निर्वाचनमा जाने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन्। पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले ताजा जनादेशका लागि आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गराउने घोषणा गरिसकेको छ।

शर्माले विगतदेखि उठाउँदै आएको सम्पत्ति छानबिनसम्बन्धी माग कार्यान्वयन गर्न स्वतन्त्र आयोग गठन गर्नुपर्ने बताएका छन्। जेनजी आन्दोलनबारे तयार पारेको संश्लेषण र पुराना मागसहित उनले पुनः पार्टी पंक्तिमा छलफल प्रारम्भ गरिसकेका छन्। गत साउनमा बसेको केन्द्रीय समिति बैठकमा पनि उनले प्रचण्डमाथि प्रश्न उठाएका थिए, तर बहुमतले त्यसलाई अस्वीकार गरेको थियो। प्रचण्ड पक्षका नेताहरु भने जनार्दनमाथि पार्टीभित्र अराजकता फैलाएको आरोप लगाइरहेका छन्।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# वास्तविक नेतालाई जाँच गर्ने सामाजिक थर्मामीटर

दैनिक समाचारदाता
जनकपुरधाम, ३१ भदौ। राष्ट्रिय मुक्ति पार्टी नेपालका सचिव संजय चौधरीले "राजनीति सेवा हो" भन्ने आदर्श आज विगतको कुरा मात्र बनेको टिप्पणी गरेका छन्। उनका अनुसार नेपालमा धेरैजसो नेताहरूले राजनीतिलाई व्यवसाय वा करिअरको रूपमा लिएकाले, उनीहरूको जीवनशैली नै अब सामाजिक थर्मामीटर बनेर परीक्षण हुनुपर्ने आवश्यकता बढ्दो छ।



फेसबुकमा लेख्दै चौधरीले भनेका छन्( "विश्लेषकहरूको भनाइमा राजनीति मूलतः निःस्वार्थ सेवा हो, तर आज धेरै नेताहरूले यसलाई प्रमुख आयस्रोत बनाइसकेका छन्। कतिपय नेतासँग कुनै निश्चित जागिर, व्यवसाय वा लेखा परीक्षण हुने आम्दानीको स्रोत नभए पनि उनीहरू करोडौं मूल्यका घर, महँगो गाडी, सन्तानको विदेश शिक्षा र निरन्तर वैदेशिक भ्रमणमा खर्च गरिरहेका छन्। यस्तो जीवनशैलीप्रति प्रश्न उठाउनु सामान्य नागरिकको नैतिक जिम्मेवारी हो।"

चौधरीका अनुसार, सार्वजनिक पदमा रहेका नेताले आफ्नो जीविकोपार्जनको स्पष्ट विवरण नदिएसम्म उनको इमानदारीमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ। उनले लेखेका छन्( "नेपालमा सामान्य नागरिकलाई बैंक खाता, कर विवरण वा पैसाको स्रोत देखाउन बाध्य पारिन्छ, तर नेताहरूका अज्ञात स्रोतका सम्पत्तिप्रति मौनता देखाइन्छ भन्ने गुनासो बढ्दो छ। यसले शासनमा दुई किसिमको मापदण्ड रहेको प्रमाणित गर्छ भन्ने आलोचकहरूको भनाइ छ।"

सचिव चौधरीले बुँदागत रूपमा स्पष्ट पारेका छन्( "समाजशास्त्रीहरूको दृष्टिमा नेताको जीवनशैली नै उसको इमानदारीको सूचक हो। निःस्वार्थ सेवाको आवरणमा विलासी जीवन बिताउने नेताहरू राजनीतिक पहुँचको दुरुपयोग गरिरहेका हुनसक्छन्। त्यसैले दैनिक आय र खर्चबीचको स्पष्टता जनतालाई देखाउन नसक्ने नेताप्रति विश्वास गर्नु अघि गम्भीर प्रश्न उठाउनुपर्छ।"

विश्लेषकहरूको चेतावनी छ( जबसम्म राजनीतिमा आर्थिक पारदर्शिता र जीविकोपार्जनको स्पष्ट विवरण कानुनी रूपमा अनिवार्य हुँदैन, तबसम्म दोष समाजमै फर्किनेछ। विगत दुई दशकको लोकतान्त्रिक अभ्यासमा पटक(पटक नेताहरूको सम्पत्ति र जीवनशैली विवादमा मुछिए पनि औपचारिक छानबिन प्रक्रियाले ती प्रकरणलाई गम्भीरतापूर्वक अगाडि नबढाएको उल्लेख गर्दै उनीहरूले "राजनीतिक इमानदारी" दिनानुदिन कमजोर हुँदै गएको बताएका छन्।

उहाँले वर्तमान राजनीतिकका बारेमा जनताको कठिन जीवन र नेताहरूको विलासी जीवनबीचको फराकिलो अन्तर अब सामाजिक मूल्याङ्कनको आधार बन्दै गएको चौधरीको भनाइ छ। यही अन्तरकै कारण नेताप्रतिको विश्वास र अविश्वास तय हुने अवस्था बनेको छ, जसले नेतृत्वको नैतिक मापदण्ड अब समाजकै हातमा आएको स्पष्ट सन्देश दिन्छ।

## कार्कीको.......

उनका श्रीमान् दुर्गा सुवेदीले धेरै काम सघाइरहेका छन्। सुवेदी पूर्वमा नेपाली कांग्रेससँग सक्रिय थिए।प्रधानमन्त्रीको अघोषित सचिवालयले उपयुक्त पात्र खोज्ने काम जारी राखेको छ। अहिले हर्कराज साम्पाङदेखि पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसम्म मन्त्री बन्न प्रस्ताव लिएर सम्पर्कमा पुगेको स्रोत बताउँछ। कार्कीको मुख्य म्यान्डेट आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गराउनु हो। त्यसैले उनले संविधानविपरीत प्रतिनिधिसभा विघटन भएको भन्दै विरोध गरेका दलहरूले समेत स्वीकार गर्ने व्यक्तिलाई मन्त्रिपरिषद्मा ल्याउने रणनीति अघि बढाएकी छन्।









'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४